# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, असोज २७ गते २०४८ साल (अतिरिक्ताङ्क ४४

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम श्री भारतप्रसाद धितालिलाई जापानका लागि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

### सूचना २

माननीय शिक्षा तथा संस्कृति र पर्यटन मन्त्री श्री रामहरि जोशी फ्रान्सको राजधानी पेरिसमा हुने युनेस्कोको २६ औं महाधिवेशनमा भागलिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको शिक्षा तथा संस्कृति र पर्यटन मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री जगन्नाथ आचार्यले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८४